# विनयी त्रिवेणी गाउँपालिका

फोन नं:०७८४१६१८५
०७८४१६१८२

## गाउँकार्यपालिकाको कार्यालय

दुम्किबास, नवलपरासी (ब.सु.पु)

गण्डकी प्रदेश, नेपाल ।

स्था: २०७३


प.स: ०८०/०८१
च.नं: १४५४

मिति: २०८०/१०/१०

श्री जो जस सँग सम्बन्धित छ ।

विषय: त्रैमासिक सूचना प्रकाशन गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धि नियमावली २०६५ को दफा ३ बमोजिम यस विनयी त्रिवेणी गाउँकार्यपालिका अन्तर्गत २०८० कार्तिक देखि पौष सम्म यस कार्यालयबाट भएको त्रैमासिक गतिविधिको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ:
श्री राष्ट्रिय सूचना आयोग, बानेश्वर काठमाण्डौं।

२०८०/१०/१०
कृष्ण प्रसाद अर्याल
सूचना अधिकारी

# विनयी त्रिवेणी गाउँकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.)

## सूचना अधिकारीको त्रैमासिक प्रतिवेदन

सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र नियमावली, २०६५ को नियम ३ बमोजिम यस विनयी त्रिवेणी गाउँपालिकाबाट २०८० कार्तिक १ गते देखि २०८० पौष मसान्त सम्मका सूचनाहरु सोही ऐनको दफा ५ (४) बमोजिम देहाय अनुसार प्रकाशन गरिएको छ ।

१. गाउँपालिकाको स्वरुप र प्रकृति

नेपाल सरकारले गठन गरेको गाउँपालिका तथा नगरपालिकाको नाम संख्या र सिमाना निर्धारण आयोगको मिति २०७३।१०।२२ को प्रतिवेदनको आधारमा नेपाल सरकार (मन्त्री परिषद) को मिति २०७३।११।२२ को निर्णय र नेपाल सरकारको मिति २०७४।०२।०८ गतेको निर्णय समेतको आधारमा नेपालका विभिन्न जिल्लामा रहेका गाउँपालिका तथा नगरपालिकाको संख्या थप हेरफेर र स्तरोन्नती गरी नेपालमा ७५३ गाउँपालिका तथा नगरपालिका कायम भएको देखिन्छ ।

नेपालको संविधान, २०७२ मा साविक नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामकरण भई छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसुचिमा उल्लेख भए बमोजिम मिति २०७४।०७।१९ गते देखि नवलपरासी (ब.सु.पू.) को रुपमा स्थापना रहेको छ ।

विनयी त्रिवेणी गाउँपालिका संघीय गणतान्त्रिक नेपालको गण्डकी प्रदेश अन्तर्गत नवलपरासी (ब.सु.पू.) जिल्लामा रहेको र भारतको सिमा नाका सँगै जोडिएको गण्डकी प्रदेशको एकमात्र गाउँपालिका पर्दछ । वि.सं. २०७३।११।२७ गतेको नेपाल सरकारको निर्णय अनुसार नवलपरासी जिल्लाका साविकका दुम्किबास, वेनिमणिपुर, धुर्कोट, राकाचुली र त्रिवेणी सुस्ता गा.वि.स. लाई एकीकृत गरी विनयी त्रिवेणी गाउँपालिका नामकरण भएको र यसपालिका अन्तर्गत ७ वटा वडाहरु रहेका छन ।

२. विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत रहेका वडा विभाजन जनसंख्या, सिमाना र क्षेत्रफल यस प्रकार रहेका छन् ।

वडा विभाजन:- ७ वटा

जनसंख्या: महिला २०५३७, पुरुष १८६६४ गरी कुल जनसंख्या ३९२०१

2080/10/10
कृष्ण प्रसाद अर्याल
अधिकृत स्तर छैठौं

सिमाना: पूर्व मध्यविन्दु नगरपालिका, पश्चिम बर्दघाट नगरपालिका, उत्तरमा निस्दी गाउँपालिका पाल्पा र दक्षिण भारत (विहार राज्य)

क्षेत्रफल: २८८.०६ वर्ग कि.मी.

३. विनयी त्रिवेणी गाउँपालिकाबाट प्रदान गरिने सेवा :

स्थानिय सरकार सञ्चालन ऐनमा व्यवस्था भए अनुसार

४. विनयी त्रिवेणी गाउँपालिकाबाट प्राप्त हुने सेवाको दस्तुर र अवधि :

विनयी त्रिवेणी गाउँपालिकाको स्वीकृत आर्थिक ऐन र विनियोजन ऐन अनुसार

५. विनयी त्रिवेणी गाउँपालिकाबाट सम्पादन भएका कामको विवरण

विभिन्न शाखा र वडाको प्रगती विवरण अनुसार

६. सूचना अधिकारी र प्रमुखको नाम र पद:

सूचना अधिकारी: श्री कृष्ण प्रसाद अर्याल, अधिकृत छैठौं (९८५७०४६८२१)

प्रमुख: प्रमुख प्रशासकिय अधिकृत श्री बोधराज बस्याल (९८५७०४००५४)

७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

आ.व. २०७९/०८० मा स्वीकृत भएका ऐन नियम विनियोजन वा निर्देशिकाको सूचि

- स्वास्थ्य तथा सरसफाई ऐन २०७९ (स्वा. सेवा प्रबर्द्धन ऐन)
- विनयी त्रिवेणी गाउँपालिकाको नदिजन्य पदार्थ (ढुंगा गिट्टी वालुवा) मौज्दात परिमाण प्रमाणित गर्ने
- सम्बन्धी कार्यविधि २०७९
- विनयी त्रिवेणी गाउँपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम संचालन
- कार्यविधि २०७९
- विनयी त्रिवेणी गाउँपालिकाको माटो उत्खनन् ओसारपसार तथा विक्री वितरणलाई व्यवस्थित गर्ने

  कार्यविधि,२०७९

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि, २०७९
- आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ संशोधन

२०८०/१०/१०

कृष्ण प्रसाद अर्याल
अधिकृत स्तर छैठौं

- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९
- विनयी त्रिवेणी गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७८ संशोधन
- विनयी त्रिवेणी गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९
- सुरक्षित आप्रवासन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, निर्माण
- द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकिय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९
- पूर्णखोप प्रोत्साहन भत्ता रकम वितरण सम्बन्धी निर्देशिका, २०७९
- विनयी त्रिवेणि गाउँपालिकाको स्वास्थ्य विमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०७९
- आर्थिक ऐन, २०८०
- नगर प्रहरी ऐन, २०८०

८. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण:

www.binayitribenimun.gov.np

Facebook Page: विनयी त्रिवेणी गाउँपालिका

९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको

सूचना संख्या १ ।

आ.व. २०८०।०८१ कार्तिक देखि पौष सम्ममा माग भएका सूचना र फछ्यौंटको विवरण ।

| क्र.सं. | सूचना माग गर्ने व्यक्ति/संस्था | माग गरेको पत्रको मिति | सूचना माग गरेको विषय | फछ्यौंट भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | एन एसं अर्थमुभर्स प्रा.लि पोखरा-१४ | २०८०।०८।१० | जानकारी माग गरिएको | २०८०।०८।१८ गते | समय भित्रै सूचना उपलब्ध गराएको । |

२०८०।१०।१०

कृष्ण प्रसाद अर्याल
अधिकृत स्तर छैठौं